वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४४ अंक २९४ | २०८२ चैत्र ०२ गते सोमबार, नेपाल सम्वत् ११४६ March 16, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




# कृषक पोषण पाठशालामा लहरे तरकारीका बिरूवा रोपण

## पोषण सुधारका लागि कृषकलाई व्यवहारिक सिकाइ

**भञ्ज्याङ समाचारदाता/ऋषिङ**

पहाडी क्षेत्रमा कृषि उत्पादन वृद्धि तथा स्थानीय समुदायको पोषण सुधार गर्ने उद्देश्यले तनहुँको ऋषिङ गाउँपालिकामा सञ्चालित कृषक पोषण पाठशालामा लहरे तरकारी बालीको बिरूवा रोपण गरिएको छ ।

पहाडी क्षेत्र काष्ठ फल तथा फलफूल विकास आयोजना अन्तर्गत ऋषिङ गाउँपालिका-४ भिरकोटमा सञ्चालनमा रहेको भिरकोट कृषक पोषण पाठशालामा लहरे तरकारी बालीको बिरूवा रोपण कार्यक्रम सञ्चालन गरिएको हो।

उक्त कार्यक्रम जिएएपयसपीको आर्थिक सहयोग, वर्ल्ड फन्ड प्रोग्रामको प्राविधिक सहयोग तथा ऋषिङ गाउँपालिकाको समन्वयमा आयोजना गरिएको हो । कृषक पोषण पाठशालाको सिकाइ स्थलमै स्थानीय कृषकहरूको सहभागितामा लहरे तरकारीका बिरूवा रोपेर व्यवहारिक अभ्यास गराइएको थियो।



कार्यक्रममा कृषकहरूलाई पोषणयुक्त तरकारी उत्पादन, बाली व्यवस्थापन, खेती प्रविधि तथा घरपरिवारको पोषण सुधारका विषयमा जानकारी दिइएको थियो। साथै, लहरे तरकारी खेती गर्दा अपनाउनुपर्ने विधि, बिरूवा रोप्ने तरिका, मलजल व्यवस्थापन र उत्पादन बढाउने उपायबारे पनि कृषकलाई प्रशिक्षण दिइएको आयोजकले जनाएको छ ।

कृषक पोषण पाठशाला कार्यक्रमको मुख्य उद्देश्य कृषकलाई सिक्दै कमाउँदै गर्ने अवधारणा अनुसार व्यवहारिक ज्ञान प्रदान गर्नुका साथै स्थानीय स्तरमै पोषणयुक्त तरकारी उत्पादनमा प्रोत्साहन गर्नु रहेको छ । यस कार्यक्रमले कृषकलाई कृषि उत्पादन बढाउन, घरपरिवारको पोषणस्तर सुधार गर्न तथा आयआर्जनका अवसर विस्तार गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

कार्यक्रममा स्थानीय कृषक, परियोजनासँग आवद्ध प्राविधिक कर्मचारी तथा गाउँपालिकाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागी कृषकहरूले यस प्रकारको व्यवहारिक सिकाइले कृषि उत्पादनमा नयाँ सीप सिक्न र घरमै तरकारी उत्पादन गर्न थप प्रेरणा मिलेको बताएका छन् ।

पहाडी क्षेत्रका किसानलाई लक्षित गर्दै सञ्चालन गरिएको परियोजनाले कृषि उत्पादन वृद्धि, पोषण सुरक्षा र किसानको आयस्तर सुधार गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । कृषक पोषण पाठशालामार्फत किसानलाई आधुनिक कृषि प्रविधि, पोषणसम्बन्धी ज्ञान तथा व्यवहारिक अभ्यास प्रदान गरिँदै आएको गाउँपालिकाको कृषि शाखाले जनाएको छ ।

यस प्रकारका कार्यक्रमले स्थानीय कृषकलाई कृषि उत्पादनतर्फ आकर्षित गर्नुका साथै दिगो कृषि विकास र पोषण सुरक्षामा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# गुणस्तरहीन पुल भत्काएर पुनर्निर्माण गरिँदै

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

व्यास नगरपालिका-३ देउरालीनगर र व्यास-१ भादगाउँ जोड्ने बुल्दीखोला मोटरेवल पुलको निर्माण कार्यले गति लिन थालेको छ । यस पुलको एक 'स्पान'को बिम र ढलान निर्माणका क्रममा गुणस्तरहीन पाइएपछि त्यसलाई भत्काएर नयाँ शिराबाट पुनर्निर्माण कार्य थालिएको हो ।

लामो समयको अन्योल र प्राविधिक अवरोधपछि हालसम्म पुलको ४५ प्रतिशत भौतिक प्रगति यसअघि विभिन्न कारणले ढिलाइ हुँदै आएको थियो ।

पुल निर्माणमा मुख्य बाधाका रुपमा रहेको व्यास-१ विज्ञानचौरतर्फको विद्युत् ट्रान्सफर्मर स्थानान्तरण गरिएसँगै काम गर्ने वातावरण सहज बनेको छ । ट्रान्सफर्मर हटाएपछि निर्माण कम्पनीले जनशक्ति र उपकरण परिचालन बढाएकाले हाल कामले गति लिएको कार्यालयले जनाएको छ ।

पुलको म्याद आगामी चैतसम्म रहेको भए पनि पछिल्लो समय



हासिल गरेको पूर्वाधार विकास कार्यालय तनहुँका डिभिजन इन्जिनियर रवीन्द्र तिवारीले जानकारी दिए । उनका अनुसार पुलका पिल्लर प्राविधिक रूपमा सही भए पनि माथिल्लो संरचना कमजोर देखिएकाले गुणस्तरमा सम्झौता नगर्ने नीतिअनुरूप भत्काउन निर्देशन दिइएको हो ।

सोही निर्देशनबमोजिम ठेकेदार कम्पनीले गुणस्तरहीन भाग हटाएर अहिले निर्माण कार्यलाई तीव्रता दिइरहेको छ । वि.सं. २०७७ मा रू पाँच करोड १० लाख ३३ हजारको लागतमा सम्झौता भएको २५ मिटर लामो र ८.४ मिटर चौडाइको यो पुल निर्माणमा कामका देखिएको तीव्रताका कारण बाँकी निर्माण सम्पन्न गर्नका लागि म्याद थप हुने सम्भावना समेत देखिएको छ । यो पुल निर्माण सम्पन्न भएपछि व्यास-१, २ र ३ का बासिन्दा प्रत्यक्ष लाभान्वित हुनेछन् ।

विशेषगरी यस क्षेत्रमा रहेका पाँचवटा विद्यालय र एक कलेजका विद्यार्थीलाई वर्षायाममा खोला तर्नुपर्ने बाध्यता अन्त्य हुनेछ । गुणस्तरहीन संरचना भत्काएर पुनः मजबुत बनाउने कार्य भइरहेकाले अबको केही समयभित्रै स्थानीय एवं सर्वसाधारणले सुरक्षित र भरपर्दो पुल प्रयोग गर्न पाउने विश्वास सो कार्यालयले गरेको छ ।

# घिरिङको साभुङ-देउराली-केलादीघाट मार्ग : ठेक्का सम्झौता अन्त्य

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको घिरिङ गाउँपालिका भित्र पर्ने साभुङ-देउराली-केलादीघाट (कृष्ण मोटर मार्ग) खण्डको स्तरोन्नति गर्न गरिएको ठेक्का सम्झौता अन्त्य गरिएको छ । गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को गत फागुन १४ गतेको बैठकले ठेक्का तोड्ने निर्णय गरेको हो।

साविक जिल्ला विकास समिति तनहुँबाट राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत २५ किलोमिटर सडक स्तरोन्नति गर्न २०७३ साल वैशाख २३ गते सन्तोषी निर्माण सेवा प्रालि चितवनसँग सम्झौता भएको थियो । प्रदेश संरचना लागू भएपछि उक्त आयोजना पूर्वाधार विकास कार्यालय तनहुँमा हस्तान्तरण गरिएको थियो ।



तर अन्तिम बिल भुक्तानी सम्बन्धी विवादका कारण काम लामो समयदेखि अलपत्र रहँदै आएको थियो । सो विवादमा मध्यस्थ परिषद्ले गरेको निर्णय उच्च अदालतबाट सदर भइसकेको छ । विगत पाँच वर्षदेखि नेपाल मध्यस्थता परिषद्मार्फत उच्च अदालत पाटन ललितपुर हुँदै सर्वोच्च अदालतसम्म पुगेको उक्त मुद्दामा सर्वोच्च अदालतले हालै अन्तिम फैसला सुनाएको छ ।

घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले गाउँ कार्यपालिकाको निर्णयअनुसार सडक निर्माण रोकिँदा स्थानीय बासिन्दाको दैनिक आवागमनमा असर परेको, वैकल्पिक रूपमा अन्य निर्माण व्यवसायीमार्फत काम अघि बढाउन पनि सम्भव नभएको तथा सम्झौता कायम रहँदासम्म नयाँ काम सुरू गर्न नमिल्ने अवस्थाका कारण ठेक्का अन्त्य गर्नुपरेको जानकारी दिए ।

अध्यक्ष थापाका अनुसार सम्झौता अन्त्य भएसँगै अन्य वैकल्पिक सडक आयोजनाहरु अघि बढाउने बाटो खुलेको छ। विशेषगरी गाईघाट-गल्याङ-कटहरे वैकल्पिक राजमार्गको मौसमी खण्डका लागि विनियोजित रू ४० करोडबराबरको आयोजनामा अब बोलपत्र आह्वान गर्न सकिने

बाँकी तेश्रो पेजमा

# भिमादमा चैते धान खेती प्रविधि सम्बन्धी स्थलगत तालिम

**भञ्ज्याङ समाचारदाता/भिमाद**

कृषि विकास कार्यालय तनहुँको आयोजनामा भिमाद नगरपालिका-२ बन्दिछापमा चैते धान खेती प्रविधि सम्बन्धी स्थलगत तालीम सञ्चालन गरिएको छ ।

किसानलाई आधुनिक तथा उन्नत धान खेती प्रविधिबारे जानकारी गराउने उद्देश्यले आयोजित उक्त तालीममा धान खेतीका विभिन्न पक्षबारे विस्तृत छलफल तथा अन्तरक्रिया गरिएको थियो। कार्यक्रममा विशेषगरी उन्नत धान खेती प्रविधि, धानमा लाग्ने विभिन्न रोग तथा कीराको पहिचान र तिनको व्यवस्थापनका उपायबारे किसानलाई जानकारी गराइएको कृषि विकास कार्यालय तनहुँले जनाएको छ।




तालीमका क्रममा प्राविधिकहरूले किसानसँग प्रत्यक्ष संवाद गर्दै खेतमै पुगेर व्यवहारिक सिकाइ प्रदान गरेका थिए। धान खेतीमा उत्पादन वृद्धि गर्न

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# वन डढेलो नियन्त्रणमा साझा जिम्मेवारी

नेपालका वनहरु केवल हरियालीका प्रतीक मात्र होइनन्, देशको पर्यावरणीय सन्तुलन, जैविक विविधता, जलस्रोत संरक्षण तथा ग्रामीण जनजीवनको आधारसमेत हुन्। यही कारणले वन संरक्षणलाई राष्ट्रिय प्राथमिकताका रूपमा लिइँदै आएको छ। तर प्रत्येक वर्ष सुक्खायाम सुरू भएसँगै वन क्षेत्रमा देखिने डढेलोको समस्या अझै पनि गम्भीर चुनौतीका रूपमा रहेको छ। यही सन्दर्भमा 'वन डढेलो नियन्त्रणमा प्रभावकारिताः तीनै तहका सरकार र समुदायको सहभागिता' भन्ने नारासहित आइतबारदेखि सुरू भएको वन डढेलो व्यवस्थापन सप्ताहले यस समस्याप्रति पुनः राष्ट्रिय ध्यान केन्द्रित गराएको छ । वन तथा वातावरण मन्त्रालयले वन डढेलो व्यवस्थापन रणनीति, २०६७ अनुसार प्रत्येक वर्ष चैत १ देखि ७ गतेसम्म वन डढेलो व्यवस्थापन सप्ताह मनाउँदै आएको छ। यस सप्ताहको मुख्य उद्देश्य वन क्षेत्रमा लाग्ने डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्नु हो। वन डढेलो केवल प्राकृतिक समस्या मात्र होइन, यसको अधिकांश कारण मानवीय गतिविधिसँग जोडिएको देखिन्छ। लापरवाहीपूर्वक आगो बाल्नु, वन क्षेत्रमा फालिएका चुरोटका ठुटा, घाँस सफा गर्ने क्रममा आगो लगाउने प्रवृत्ति तथा अन्य अविवेकी व्यवहारले धेरैजसो डढेलोका घटना निम्त्याउने गरेका छन्।

नेपालमा सुक्खायाम सुरू भएसँगै फागुनदेखि जेठसम्म वन क्षेत्रमा डढेलो लाग्ने जोखिम अत्यधिक हुन्छ। यस अवधिमा हावाको गति, सुख्खा पातपातको जमघट र पानीको कमीले सानो आगो पनि क्षणभरमै ठूलो डढेलोमा परिणत हुन सक्छ। वन तथा भूसंरक्षण विभागका अनुसार पछिल्ला वर्षहरूमा डढेलो देशका सबै प्रदेशमा फैलिएको देखिएको छ। विशेषगरी सुदूरपश्चिम, बागमती र कर्णाली प्रदेशमा यसको जोखिम बढी देखिन्छ भने तराई–चुरे क्षेत्र तथा मध्यपहाडी वन क्षेत्रमा पनि जोखिम उच्च रहेको तथ्याङ्कले देखाएको छ । वन डढेलोले केवल रूखबिरूवा मात्र नष्ट गर्दैन। यसले जैविक विविधता, वन्यजन्तु, माटोको उर्वराशक्ति, जलस्रोत र वातावरणीय सन्तुलनमा गम्भीर असर पार्छ। डढेलोका कारण वातावरणमा धुवाँ र प्रदूषण बढेर मानव स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पर्छ। कतिपय अवस्थामा यसले नजिकका बस्तीमा समेत क्षति पुऱ्याउने गरेको छ। वन नष्ट हुँदा वर्षा चक्रमा असर पर्ने, माटो कटान बढ्ने र प्राकृतिक विपद्को जोखिम समेत बढ्ने भएकाले यसको प्रभाव दीर्घकालीन हुन्छ।

वन डढेलो नियन्त्रणका लागि केवल सरकारी प्रयास मात्र पर्याप्त हुँदैन। यसका लागि तीनै तहका सरकार, स्थानीय समुदाय, वन उपभोक्ता समूह, सुरक्षा निकाय तथा नागरिक समाजबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ। नेपालमा सामुदायिक वन व्यवस्थापनको सफल अभ्यास भएकाले वन संरक्षणमा समुदायको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ। यदि स्थानीय समुदाय सचेत र सक्रिय भयो भने धेरैजसो डढेलोका घटनालाई प्रारम्भिक अवस्थामै नियन्त्रण गर्न सकिन्छ । यस वर्ष पनि सप्ताहका अवसरमा जनचेतनामूलक कार्यक्रम, विद्यालय तथा समुदायस्तरीय अभिमुखीकरण, प्रचारप्रसार अभियान, जोखिमयुक्त क्षेत्रहरूको अनुगमन, वन क्षेत्रमा अग्निरेखा निर्माण तथा सरसफाइ अभियान जस्ता गतिविधि सञ्चालन गरिने बताइएको छ। यस्ता कार्यक्रमले नागरिकलाई डढेलोको जोखिमबारे जानकारी दिनुका साथै रोकथामका उपायबारे पनि सचेत बनाउने अपेक्षा गरिएको छ।

तर यस्ता अभियानहरु केवल औपचारिक कार्यक्रममा सीमित हुन नदिनु पनि उत्तिकै आवश्यक छ। सप्ताह सकिएपछि पनि निरन्तर जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। स्थानीय तहहरूले आफ्नो क्षेत्रमा जोखिमयुक्त वन क्षेत्रको पहिचान गरी पूर्वतयारीका कार्यक्रम अघि बढाउनुपर्ने हुन्छ। वन क्षेत्रमा अग्निरेखा निर्माण, निगरानी टोली गठन, सामुदायिक वन उपभोक्ता समूहलाई तालिम तथा आवश्यक उपकरण उपलब्ध गराउने जस्ता कार्यले डढेलो नियन्त्रणमा उल्लेखनीय योगदान पुऱ्याउन सक्छ । यससँगै प्रविधिको प्रयोग पनि बढाउनुपर्ने आवश्यकता देखिन्छ। उपग्रह प्रविधि, डिजिटल निगरानी प्रणाली तथा समयमै सूचना आदानप्रदान गर्ने संयन्त्र विकास गर्न सके डढेलो नियन्त्रण अझ प्रभावकारी हुन सक्छ। वन क्षेत्रमा गस्ती बढाउने, जोखिमयुक्त गतिविधिमा निगरानी गर्ने र नियम उल्लङ्घन गर्नेलाई कडा कारबाही गर्ने व्यवस्था पनि सुदृढ बनाउनु आवश्यक छ।

वन संरक्षण केवल वातावरणीय सरोकार मात्र होइन, यो आर्थिक, सामाजिक र सांस्कृतिक जीवनसँग पनि जोडिएको विषय हो। ग्रामीण समुदायको जीविकोपार्जन, पर्यटनको विकास, जलस्रोत संरक्षण तथा जलवायु परिवर्तनसँग जुध्ने प्रयासमा वनको भूमिका अत्यन्त महत्वपूर्ण छ। त्यसैले वन डढेलो नियन्त्रणलाई पनि राष्ट्रिय प्राथमिकताको विषयका रूपमा लिनुपर्छ । वन डढेलो व्यवस्थापन सप्ताहले सरकार, समुदाय र सरोकारवाला सबैलाई यस विषयमा पुनः सजग गराउने अवसर प्रदान गरेको छ। तर यसको वास्तविक प्रभाव तब मात्र देखिनेछ जब हामी सबैले वन संरक्षणलाई आफ्नो साझा जिम्मेवारीका रूपमा स्वीकार गर्नेछौं। सानो लापरवाहीले ठूलो क्षति निम्त्याउन सक्छ भने सानो सचेतनाले ठूलो विपद् टार्न सक्छ। यसर्थ, वन डढेलो रोकथाम र नियन्त्रणमा सरकार, स्थानीय समुदाय तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता अत्यावश्यक छ। वन जोगाउनु भनेको भविष्य जोगाउनु हो भन्ने चेतना समाजमा स्थापित गर्न सके मात्र नेपालका हरियाली वनहरूलाई सुरक्षित राख्न सकिनेछ ।

# महँगियो भान्छा, ग्यासको कृत्रिम अभावले चुल्हो बाल्नै सकस

♦ कल्पना घिमिरे

मार्च १५ अर्थात् उपभोक्ता अधिकार दिवस । 'सुरक्षित उत्पादन, विवेकशील उपभोक्ता र जिम्मेवार प्रशासन भन्ने नारासहित विश्व उपभोक्ता अधिकार दिवस विश्वभर मनाइँदै गर्दा नेपालका उपभोक्तालाई ग्यासको कृत्रिम अभावले चुलो बाल्नै सकस छ । अर्कातिर खाने तेल र चामलको अस्वभाविक मूल्य वृद्धिको मार पनि छ ।

पश्चिम एसियामा बढ्दो द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा देखिएका समस्या यहाँ देखाएर व्यापारीहरूले मूल्य बढाउने र कृत्रिम अभाव सिर्जना गरिरहेका छन्। बजारमा बढ्दो कालोबजारी नियन्त्रण गर्नु नियामक निकायले सकेको छैन । सामान्य अनुगमन मात्र भइरहेको उपभोक्ता अधिकारकर्मीको गुनासो छ ।

**द्वन्द्वको बाहानामा आकासियो खाने तेलको भाउ**

पछिल्लो एक महिनायता खाने तेलको मूल्य प्रतिलिटर २० रूपैयाँदेखि ५० रूपैयाँसम्म महँगिएको छ । माघ अन्तिमतिर प्रतिलिटर २५० देखि २७५ रूपैयाँ पर्ने खाने तेलको मूल्य फागुन अन्तिमसम्म अस्वाभाविक बढेर २९० रूपैयाँभन्दा माथि पुगेको छ ।

नेपाल चामल, तेल, दाल उद्योग संघका कार्यसमिति सदस्य विभोर अग्रवालले पश्चिम एसियामा जारी द्वन्द्व, अन्तर्राष्ट्रिय बजारमा डलरको मूल्यवृद्धि र ढुवानी मार्गमा आएको अवरोधलाई मूल्यवृद्धिको मुख्य कारणका रूपमा औँल्याएका छन् । अर्जेन्टिना र इन्डोनेसिया जस्ता मुलुकहरूबाट कच्चा तेल बोकेर आउने ठुला जहाजहरु बाटोमै रोकिएको र ढुवानी खर्च ह्वात्तै बढेको उनको भनाइ छ । यसले गर्दा अन्तर्राष्ट्रिय बजारमा कच्चा पाम, सोयाबिन र सूर्यमुखी तेलको मूल्य प्रतिटन ९०० देखि १ हजार ५० डलर हाराहारीमा पुगेको छ ।

तर, सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले भने हाल बजार मूल्यभन्दा सस्तोमा तेल बिक्री गरिरहेको छ । भटमासको तेल प्रतिलिटर २४०, सनफ्लावर २७५ र तोरीका तेल २५५ देखि ३६० रूपैयाँसम्ममा उपलब्ध छन् । यसले निजी क्षेत्रमा भएको मूल्यवृद्धि अस्वाभाविक भएको संकेत गर्दछ ।

**ग्यासको कृत्रिम अभाव र कालोबजारी**

एलपी ग्यासको समस्या अझ पेचिलो बनेको छ । महँगो मूल्य तिरेरसमेत पाउन सक्ने अवस्था छैन । जनताको मागअनुसार ग्यास उपलब्ध गराउन नसकेपछि निगमले आधा सिलिन्डर (७.१ किलो) ग्यास बिक्री गर्न उद्योगहरूलाई निर्देशन दिएको छ । निगमले अनावश्यक सञ्चिती नगर्न र जोखिम नमोलन उपभोक्तामा आग्रह गरेको छ ।

नेपाल आयल निगमले ग्यास आपूर्तिमा कुनै समस्या नरहेको दाबी गरिरहँदा बजारमा अभाव कायमै छ । यस्तै ग्यासको मूल्य पनि बढी लिन थालेका छन् । केही बिक्रेताहरूले प्रतिसिलिन्डर २१ सय देखि २५ सय रूपैयाँसम्म ग्यास बिक्री गरिरहेका छन्, जबकि निगमले तोकेको मूल्य १९१० रूपैयाँ मात्र हो । र आधा सिलिन्डरको मूल्य ९५५ रूपैयाँ निगमले तोकेको छ ।

निगमले फागुन महिनामा करिब ४३ हजार ५ सय मेट्रिक टन ग्यास आयात भएको र दैनिक १ हजार ५ सयदेखि २ हजार मेट्रिक टन ग्यास नियमित आइरहेको बताइरहँदा माग धान्न नसकेपछि आधा सिलिन्डर बिक्री गर्ने व्यवस्था मिलाएको छ । अहिले बजारमा ७.१ केजी तौल ग्यास बिक्री वितरण भइरहेको छ । उक्त ग्यास किन्न दिनभर लाइन लाग्नुपर्ने बाध्यता छ ।

**बिचौलियाको चलखेल हुँदा पनि सरकारको देखिएन एक्सन**

उपभोक्ता हितकर्मी विष्णुप्रसाद तिमिल्सिनाले बजारमा देखिएको ग्यासको अभाव प्राकृतिक नभई 'कृत्रिम' भएको दाबी गर्छन् । यो अभाव ग्यास उद्योगी र बिचौलियाहरूको 'सिलिन्डर बेच्ने अभियान' मात्र भएको र जनतालाई त्रसित बनाएर थप सिलिन्डर किन्न बाध्य पारिएको आरोप लगाए ।

'नेपालमा ग्यास अभाव हुनुपर्ने कुनै कारण छैन, आपूर्ति व्यवस्था सहज छ र भारतसँगको सम्झौतामा पनि समस्या छैन,' उनले भने, 'यो अभाव केवल ग्यास उद्योगीहरूको सिलिन्डर बेच्ने अभियान हो । एउटा सिलिन्डर हुने उपभोक्तालाई त्रसित बनाएर चार/पाँच ओटा किन्न बाध्य पारिएको छ ।'

भोलि विद्युतीय ऊर्जा र इन्डक्सन चुल्होको प्रयोग बढेपछि ग्यासको व्यापार खस्कने डरले उद्योगीहरूले अहिले नै सिलिन्डर धमाधम बेचेर पछि सो व्यवसाय सरकारलाई नै भिडाउने रणनीति बनाएको उनको आरोप छ ।

तिमिल्सिना भन्छन्, 'ग्यासको तौल र गुणस्तरमा समेत व्यापक ठगी भइरहेको छ । आधा सिलिन्डरको नाममा उपभोक्ताले ५ केजी पनि ग्यास पाइरहेका छैनन् । सिलिन्डरभित्र थेग्रान र लेदो भरेर उपभोक्ता ठगिएका छन् । यस्तो बेथिति हुँदा पनि सरकारसँग अनुगमन गर्ने कुनै प्रभावकारी संयन्त्र छैन ।'

उपभोक्तालाई ग्यासको विकल्प खोज्न आग्रह गर्दै उनले सरकारलाई ग्यासमा दिइँदै आएको अनुदान कटौती गरेर विद्युतीय चुल्हो (इन्डक्सन) मा सहुलियत दिन सुझाव दिए। साथै बजारमाम खानेतेल र बासमती चामलको मूल्ययवृद्धिको सन्दर्भमा उनले सरकारी नीतिको असफलता औँल्याए । नेपालकै बासमती चामल विदेश निर्यात हुने र त्यही चामल महँगो मूल्यमा प्याकिङ भएर भित्रिने अवस्थाले उपभोक्ता मारमा परेको उनको तर्क छ । सरकारले आफ्नै उत्पादनको संरक्षण र नियमनमा कुनै गृहकार्य नगरेको उनको भनाइ छ ।





सुशासनको नारा दिएर बनेको वर्तमान सरकार पनि बिचौलियाको चंगुलमा फसेको तिमिल्सिनाको आरोप छ । 'सुशासनको नारा दिने सरकार अहिले बिचौलियाको चंगुलमा फसेको देखिन्छ', उनले भने, 'उपभोक्ता दिवसमा कार्यक्रम आयोजना गरेर मात्र पुग्दैन, बजारमा देखिएको बेथिति अन्त्य गरी उपभोक्तालाई वास्तविक राहत दिन सरकार जिम्मेवार हुनुपर्छ ।'

बजारमा उपभोग्य वस्तुको अनियन्त्रित मूल्यवृद्धि र ग्याँसमा कालोबजारी बढेको गुनासोपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमनलाई तीव्र पारेको छ । विभागका निर्देशक नरहरि तिवारीले साथै ग्यासमा सरकारले तोकेभन्दा बढी मूल्य लिनु गैरकानुनी भएको बताएका छन् ।

बजारमा भइरहेको अस्वभाविक मूल्य वृद्धि रोक्न विभागले अनुगमन टोली पठाइरहेको र प्रमाण भेटिए कारबाही गर्ने चेतावनी दिए ।

तिवारीले भने, 'बजार माग र आपूर्तिको सन्तुलनका आधारमा मूल्य तय हुने भए पनि कृत्रिम अभाव सिर्जना गर्ने वा कार्टेलिङ गरी मूल्य बढाउनेलाई यत्तिकै छाड्दैनौं । कानुनी दायरामा रहेर कारबाही अघि बढाउँछौं ।' रातोपाटीबाट

## तपाईको आज

**मेष**
समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ।

**वृष**
व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

**मिथुन**
छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला।

**कर्कट**
समाजले पदीय जिम्मेवारी दिलाउनेछ। नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ।

**सिंह**
रमाइलो दिन छ। दिगो तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**कन्य**
काम देखाएर फाइदा लिने समय छ। शुभचिन्तकहरूको साथले पहिलेको चुनौती समाप्त होला।

**तुला**
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ।

**वृश्चिक**
अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।

**धनु**
अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समयअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ।

**मकर**
पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ।

**कुम्भ**
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। स्रोतसाधन जुट्नाले नयाँ कामतर्फ आकर्षित भइनेछ।

**मीन**
रमाइलो भेटघाट हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ।



**बन्दीपुरमा आन्तरिक पर्यटक :** पहाडकी रानीको उपनामले परिचित तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा आइतबार जातीय पहिचान झल्कने भेषभूषामा सजिएर तस्विर खिचाउँदै आन्तरिक पर्यटक । बिदाका दिन बन्दीपुरमा आन्तरिक पर्यटकको आगमन बढेको छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# एक अर्ब २१ करोड खर्चेर मादी नदीमा आर्क ब्रिज बनाईदै

**भञ्ज्याङ समाचारदाता**/दमौली

मुग्लिन–पोखरा सडकखण्ड अन्तर्गत दमौली बजारमा निर्माणाधीन चार लेनको पुलको काम धमाधम भइरहेको छ । व्यास नगरपालिका–४ र ५ मादी नदीमाथि निर्माण भइरहेको पुलमा ७७ प्रतिशत प्रगति भएको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) ले जनाएको छ । उक्त खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले पुल निर्माण तीव्र गतिमा भइरहेको जानकारी दिए । हाल दुवैतर्फको फाउण्डेशनको काम सकिएर आर्क डिजाइन निर्माण भइरहेको उनले बताए ।

तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी उक्त पुलको काम सुरू गरिएकामा गत भदौ २१ गते ठेक्काको म्याद सकिएपछि आगामी असार १९ गतेसम्म म्याद थप भएको छ। पाण्डेका अनुसार पुल निर्माणका लागि विसं २०७९ साउन २६ गते अन्नक जेडआइस्टी जेभीसँग सम्झौता भएको थियो । पाण्डेले भने, "पुल निर्माणको म्याद सकिएपछि पुनः म्याद थपिएको छ। थप भएको म्यादभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता आएको छ ।" चालु आर्थिक वर्षभित्रै पुल निर्माण सकिने लक्ष्य राखिएको पाण्डेको भनाइ छ ।

३१५ मिटर लामो पुलमा छ वटा स्पान रहनेछ । पुलको वारिपारी दुई/दुई 'प्रिस्टेटस् बक्स गडर' स्पान सम्पन्न भइसकेको छ। उनका अनुसार फाउण्डेशनदेखि सुपर स्ट्रक्चरको काम सकिएको छ । उनले भने, "मिडल स्पान दुई वटा कङ्क्रिट नेचर आर्क ब्रिज हो । त्यसको काम भइरहेको छ ।" रू एक अर्ब २१ करोड भ्याटसहित लागतमा निर्माण भइरहेको पुल २३ मिटर चौडाइको एउटै मोनोलेथिक स्ट्रक्चर भएको यो नेपालकै पहिलो पुल भएको पाण्डेको भनाइ छ ।

निर्माण कम्पनी अन्नक जेडआइष्टी जेभीका साइट म्यानेजर दिनेशकुमार श्रेष्ठले निर्धारित मितिअगावै पुल निर्माण सकिने जानकारी दिए । उनका अनुसार असार १९ गतेसम्म म्याद रहेपनि सोभन्दाअगावै काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । पुल निर्माणका लागि हाल दैनिक १५० कामदार खटाइएको छ । उक्त पुल चार लेनको हुनेछ । हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ । सोही पुल भन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ ।


## विद्यालय सहयोगी आवश्यकता

भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तनहुँको च.नं. २५५ मिति २०८२/१२/०१ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी पदमा एक जना कार्यालय सहयोगी नियुक्ति गर्नुपर्ने भएकाले यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त पदका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : विद्यालय सहयोगी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आधारभूत तह उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नरोगिताको प्रमाणपत्र
७) **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
८) **दरखास्त दिने अन्तिम मिति** : २०८२/१२/०८ गतेसम्म
९) **सम्पर्क मिति** : २०८२/१२/०८ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री अरनिको माध्यमिक विद्यालय**

भानु नगरपालिका.-१३, ठूलोढूङ्गा, तनहुँ ।
सम्पर्क : ९८४१०१२२९६, ९८६९०२९७७४


# भिमादमा चैते धान ..............

अपनाउनुपर्ने आधुनिक प्रविधि, उचित मल व्यवस्थापन, रोग तथा कीराको नियन्त्रणका प्रभावकारी उपायबारे समेत जानकारी दिइएको थियो।

कार्यक्रममा स्थानीय कृषकहरूको सक्रिय सहभागिता रहेको थियो। सहभागी किसानहरूले यस्ता स्थलगत तालीमले खेती सम्बन्धी समस्या समाधान गर्न तथा नयाँ प्रविधि सिक्न सहयोग पुगेको बताएका छन्। कृषि विकास कार्यालय तनहुँले किसानको उत्पादन वृद्धि तथा आयआर्जन बढाउने उद्देश्यले जिल्लाका विभिन्न स्थानमा यस्ता तालीम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।


## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**चैत ०६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**चैत्र ०७ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


# घिरिङको साभुङ- ........

अवस्था बनेको छ। उनले भने "यस निर्णयले लामो समयदेखि समस्यामा परेको सडक निर्माण प्रक्रिया पुनः अघि बढ्ने अपेक्षा गरिएको छ ।"

अदालतमा मुद्दाका कारण उक्त सडकका लागि आएको बजेट पनि पटकपटक 'फ्रिज' भएको थियो । उक्त सडकमध्ये देउरालीबाट मानपुरसम्म गण्डकी प्रदेश सरकारले, मानपुरबाट घिरिङ गाउँपालिकाको कार्यालय पोखरीछापसम्म ३.५ किलोमिटर सडक घिरिङ गाउँपालिकाको आन्तरिक बजेटबाट गत वर्ष कालोपत्र गरिएको थियो ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा नियमावली, २०७९ बमोजिम ठेकेदार पक्षले करिब रू चार करोड २५ लाख २७ हजार ४१७ पैसा दाबी गरेको अवस्था रहेको जनाइएको छ ।


## शिक्षक आवश्यकता

विद्यालयमा सूचना प्रकाशित मिति : २०८२/१२/०१

शुक्लागण्डकी नगरपालिकाको च.नं. १४६९ मिति २०८२/१२/०१ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको रिक्त दरबन्दीमा एक जना शिक्षक करारमा नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आइ.एड. वा सोसरह उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र कक्षा अवलोकन
९) **दरखास्त दिने अन्तिम मिति** : २०८२/१२/१५ गतेसम्म
१०) **सम्पर्क मिति** : २०८२/१२/१५ गते विद्यालय समयभित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : अनुभवि तथा माथिल्लो योग्यतालाई प्राथमिकता दिइने छ ।

प्रधानाध्यापक


**जनप्रेमी माध्यमिक विद्यालय**

शुक्लागण्डकी–१२, लामागाउँ, तनहुँ । सम्पर्क : ९८१४११५३६४, ९८५६०३५५३४


www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com


## नसर्ने रोगहरूको पहिचानका लागि अभियान - २०८२

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ ।



यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस् ।

- मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
- मिर्गौला सम्बन्धी रोगको जाँच
- रक्तचाप (ब्लडप्रेसर) मापन
- उचाइ र तौलको आधारमा BMI मापन

यो अभियान देशभरका स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुँदैछ ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली, तनहुँ । गण्डकी प्रदेश


## शुक्लागण्डकी नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

तपसिल

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | अमृत गिरी, पोखरा–१०, कास्की | शुक्लागण्डकी–८, (साविक ढोरफिर्दी–३/ख) तनहुँ, कि.नं. ३०८६ (०–२–१–३), ३०९७ (०–२–०–२) | २०८२/१२/०१ | RCC | पूर्वः ३१०३, ३०९२, पश्चिमः ३१०२, ३०९१, दक्षिणः १६६० उत्तरः बाटो |

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**आगलागी नियन्त्रण अभ्यास :** डिभिजन वन कार्यालय तनहुँले आइतबार व्यास नगरपालिका-४ बाघभञ्ज्याङ सामुदायिक वनमा आयोजना गरेको आगलागी नियन्त्रण अभ्यास कार्यक्रममा वनमा लागेको आगो निभाइँदै । वन डढेलो व्यवस्थापन सप्ताह अन्तर्गत वनमा अग्निरेखा, सरसफाई तथा आगलागी नियन्त्रण अभ्यास गरिएको छ । *तस्बिर : भञ्ज्याङ*

# तनहुँ र चितवन जोड्ने घुमाउनेमा १२ वर्षदेखि पुल अलपत्र

भञ्ज्याङ समाचारदाता/दमौली

प्रतिनिधिसभा सदस्य निर्वाचन अगाडि तनहुँको आँबुखैरेनीको सराङघाट, घुमाउने, बन्दीपुरको खहरेलगायत आसपासका स्थानीयले 'नो भोट' को चेतावनी दिए । तनहुँ र चितवन जोड्ने घुमाउनेमा १२ वर्षदेखि पुल अलपत्र हुँदा यस ठाउँका स्थानीयवासीले मत नै नहाल्ने चेतावनी दिएका थिए ।

घुमाउनेमा पुल नबन्दा यस भेगका जनताले सास्ती खेपिरहेको र पटकपटक मन्त्री, सांसद, सडक डिभिजनमा ध्यानाकर्षण र सरोकारवाला निकाय घेराउसमेत गरेका थिए । सोहीबमोजिम हजारौं जनता मतदानमै सहभागी नहुने चेतावनीपछि तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवारले पुल निर्माणस्थलमै पुगेर जसरी पनि पुल बनाइछाड्ने प्रतिबद्धता व्यक्त गरे ।

सबै उम्मेदवारले पुल निर्माणलाई प्राथमिकता दिने हस्ताक्षरसहितको प्रतिबद्धता व्यक्त गरेपछि स्थानीय मतदानमा सहभागी भए । निर्वाचनको परिणाम सार्वजनिक भइसकेको छ भने यस क्षेत्रबाट रास्वपा उपसभापति डा स्वर्णिम वाग्ले विजयी भएका छन्।

अब बन्ने सरकारले घुमाउनेमा पुल निर्माणलाई सुरू गर्नेमा यहाँका स्थानीयवासी आशावादी छन् । चाँडै पुल निर्माणले गति लिनेमा आफूहरू आशावादी रहेको पुल निर्माण सङ्घर्ष समितिका संयोजक सिद्धान्त थापामगरले बताए ।



उनले भने, "नयाँ सरकार गठन हुँदैछ । अब यो बेला पनि पुल बनेन भने अरू बेला बन्न सक्दैन । हामी पुल निर्माण हुनेमा आशावादी छौं ।" घुमाउने पुल निर्माणका लागि सम्झौता भएको १२ वर्ष बितिसक्यो । सम्झौता अनुसार काम भएको भए यतिबेला पक्की पुल बनिसक्थ्यो। घुमाउनेमा पुल निर्माण थालिए पनि अहिलेसम्म दुईतिरको भागमा पिलरमात्र ठडिएको छ । मृत सञ्जीवनी निर्माण कम्पनी हेटौंडासँग पहिलोपटक २०७० असारमा उक्त पुल निर्माणका लागि सम्झौता भएको थियो ।

बारम्बारको म्याद थप र डिजाइन परिवर्तनपछि २०७५ माघमा निर्माणका लागि पुनः सम्झौता गरेकामा २०७८ चैतमा पुल निर्माण सकिनुपर्नेमा अहिलेसम्म जम्मा करिब ३६ प्रतिशतमात्र काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ। उक्त पुल निर्माणका लागि २०८३ असार मसान्तसम्मका लागि म्याद थप गरिएको छ ।

गण्डकी प्रदेशको राजधानी पोखरा र चितवनबीचको कम दूरीमा सजिलै आवतजावत गर्न सकिने तनहुँ जिल्ला सदरमुकाम दमौलीस्थित व्यास नगरपालिका-१ निर्मलनगरबाट सुरु हुने बुद्धसिं मोटरमार्ग सेती र मादी नदीको किनारा हुँदै क्रमशः व्यास-१३ र १४, बन्दिपुर-६, आँबुखैरेनी-५ हुँदै जाने र उक्त सडकलाई मुग्लिन-नारायणगढ सडकमा जोड्ने घुमाउने घाटमा पुल निर्माण थालिएको थियो । तनहुँको कछार मानिने देवघाट गाउँपालिकाअन्तर्गत वडा नं २, ३ र ४ का जनतासमेत लाभान्वित हुने यस सडक पृथ्वी राजमार्गको मुग्लिन सडक खण्डभन्दा करिब २३ किमी कम दूरी पर्दछ ।

गण्डकी प्रदेशलाई चितवनको नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंमार्गको घुमाउनेको उक्त मोटरेबल पुलको निर्माण सम्पन्नपश्चात पोखरा र दमौलीलाई नारायणगढ आवतजावत गर्न हाल सञ्चालन भइरहेको मुग्लिङ नारायणगढ सडकभन्दा २३ किलोमिटर छोटो पर्छ । घुमाउनेमा मोटरेबल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन्। मोटरसाइकल भने डोहोर्‍याएर मुग्लिङ नारायणगढ सडक खण्डसम्म ल्याउन सकिन्छ। उक्त पुल १०५ मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने छ । सम्झौता भएको बेला पुलको लागत रू नौ करोड ५६ लाख थियो ।

पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**Tara Nath Dahal**
x.com/tndahal7

सुशिला कार्कीले जाने बेलामा अहिलेसम्म कमाएको नाम स्वाह पारिन।
आफ्ना आसेपासे ओम अर्याल र आदर्श श्रेष्ठलाई नियुक्ति दिएर सुशासनको धज्जी उडाएकी छन।
यो जेनजी विद्रोहमाथिको निकै मजाक मात्र होईन धोका नै हो।
आफ्नो र आफ्ना मन्त्रीको सम्पत्ति विवरण लुकाएर पारदर्शीताको मागपनि तुहाएकी थिईन।



**Birat anupam**
facebook.com/biratanupam1

नेतालाई चोर भन्दै सडकमा आएकाले भाटभटेनी चोरे । नेताले देश लुटे भन्नेले विनोद चौधरीको घर लुटे । भागबन्डाको राजनीतिको विरोध गरेर आएकाको पहिलो समस्या नै भागबन्डामा भइरहेको छ। नेताले आसेपासे नियुक्त गरेर देश सके भन्दै चिढ्ढा परेर प्रधानमन्त्री हुनुभएको आमाले पनि आफ्नालाई जाँदाजाँदै सेटल गरेर जानु भयो । यो देशमा चोर्न नपाउनेले चारीको विरोध गर्ने, लुट्न नपाएको कुन्ठाले लुटको विरोध गर्ने, भागबन्डा नपाउनेले भागबन्डाको र आफ्ना नियुक्त गर्न नसक्दा अरूले नियुक्त गर्दा विरोध गर्ने हुँदोरहेछ । जय देश । जय जनादेश ।



**स्वारी**
x.com/ptkums

ओम अर्यालले आफूले आफैलाई सिफारीस गर्नु सामान्य नैतिकता विपरीत कार्य हो ! यदि उनलाई राष्ट्रिय सभामा मनोनित हुनै मन थियो भने उनको कार्यक्षमतालाई सही मूल्याङ्कन गर्दै आउने सरकारले मनोनित गरेको भए हुन्थ्यो ! अहिलेसम्म उनले कामबाट प्राप्त गरेको सम्मान यो सिफारीसबाट सक्काए, कम्तिमा मेरो नजरमा !!

# बेलायती युवाद्वारा समताका विद्यार्थीलाई सहयोग

भञ्ज्याङ समाचारदात/दमौली

नेपाल भ्रमणमा रहेका एक बेलायती युवाले तनहुँको एक विद्यालयका विद्यार्थीलाई सहयोग गरेका छन्। इङ्ल्याण्ड निवासी ली ख्ये ओङले व्यास नगरपालिका-७ नरङ्गामा सञ्चालित व्यास नगर

उनले बीस हजार रूपैयाँ मूल्य बराबरका सामग्री सहयोग गरेका छन्, जसमा कापी, क्यारम बोर्ड, ब्याडमिन्टन, चेस, लुडो, टेबल टेनिस लगायतका सामग्री छन्।

पत्रकार प्रदीप काफ्लेको पहलमा आएका ओङले सहयोग सामग्रीहरू हस्तान्तरण गर्दै अनाथ



समता आवासीय विद्यालयका अभिभावकविहीन बालबालिकालाई सहयोग गरेका हुन्।

उनले आइतबार विद्यालयमै पुगेर विद्यार्थीहरूलाई शैक्षिक तथा खेलकुद सामग्री प्रदान गरेका हुन्। उक्त विद्यालयमा अध्ययनरत अभिभावकविहीन बालबालिकाको पठनपाठन तथा खेलकुद विकासमा सहयोग पुऱ्याउने उद्देश्यले ती सहयोग सामग्री प्रदान गरेको उनले बताए।

बालबालिका रहेको विद्यालयमा आएर उनीहरूलाई सहयोग गर्न पाउँदा आफूलाई खुसी लागेको बताए।

उक्त अवसरमा बोल्दै विद्यालयका प्रधानाध्यापक अर्जुन सुनारले बालबालिकाको शैक्षिक तथा खेलकुद स्तरलाई मजबुत बनाउन उक्त सामग्रीहरु सहयोगी सिद्ध हुने बताए। कार्यक्रममा विद्यालयका विद्यार्थी, शिक्षकहरु, प्रधानाध्यापक लगायत सबैको उपस्थिति थियो ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४